**<u>मिति २०७५।०९।१९ मा बसेको न्याय परिषद बैठकको निर्णयहरु:</u>**

१. नेपालको संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतमा रहने संवैधानिक इजलासमा साविकमा सर्वोच्च अदालतका न्यायाधीशहरु तोकिएकोमा पुनर्गठन गरी देहाय बमोजिम सर्वोच्च अदालतका न्यायाधीशहरुलाई तोक्न प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने:

    १. माननीय न्यायाधीश श्री दीपककुमार कार्की

    २.माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

    ३.माननीय न्यायाधीश श्री मीरा खड्का

    ४.माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

२. मेलमिलाप परिषदको अध्यक्षको रुपमा सर्वोच्च अदालका माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडालाई तोक्न प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने।

३. उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीश श्री हरिकुमार पोखरेललाई उच्च अदालत जनकपुरको मुख्य न्यायाधीश पदमा सरुवाको लागि सिफारिस गर्ने।

४. उच्च अदालतको रिक्त मुख्य न्यायाधीश पदमा उच्च अदालतका न्यायाधीशहरु मध्येबाट उच्च अदालत पाटन, हेटौडा इजलासका न्यायाधीश श्री सुष्मालता माथेमालाई नियुक्त गरी उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीश पदमा पदस्थापन हुन सम्माननीय प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने।

५. न्यायाधीशहरु उपर आउने गरेको गुनासा, उजुरी, टिकाटिप्पणी सम्वन्धमा तत्काल सम्वोधन गर्न सम्माननीय प्रधान न्यायाधीशको तहबाट र न्याय परिषदमा रहेको न्यायिक अनुगमन तथा निगरानी संयन्त्रबाट आवश्यक अनुगमन तथा निगरानीको कार्य निरन्तर गराउने र अनुगमन निगरानीको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने।